नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

# वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाण्डौ

(प्रशासन, योजना तथा सुशासन शाखा)

मितिः २०८३।०६।१६

## शाखा कार्यालयबाट भएका काम कार्वाहीको जिम्मेवारी लिने सम्बन्धी सूचना

यस विभागबाट वैदेशिक रोजगारी संचालन गर्न इजाजतपत्रप्राप्त संस्थाका केही शाखा कार्यालयमा वैदेशिक रोजगारमा जानका लागि आवेदन दिएका व्यक्तिले आफ्नो आवेदनको अवस्था, आवश्यक कागजात, रोजगारदाता, रोजगारीको अवस्था, भिसा, रोजगार सम्झौता, श्रम स्वीकृति, प्रस्थानको तयारी तथा अन्य सम्बन्धित विषयमा जानकारी माग गर्दा शाखा कार्यालयबाट आवश्यक, स्पष्ट तथा यथार्थ सूचना उपलब्ध नगराई "हामीलाई थाहा छैन", "काठमाडौंमा मुख्य कार्यालयमा सम्पर्क गर्नुहोस्" लगायतका जवाफ दिने गरेको हुँदा वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई आफ्नो आवेदन तथा वैदेशिक रोजगारसम्बन्धी प्रक्रियाको जानकारी लिन पटक–पटक मुख्य कार्यालयमा धाउनुपर्ने अवस्था सिर्जना भएको भन्ने गुनासो प्राप्त भएको छ। साथै, शाखा कार्यालयहरुले आफ्नो कार्यालय मार्फत वैदेशिक रोजगारीमा पठाउनको लागि प्रकृया शुरु गरेका व्यक्तिहरुलाई समेत लामो समयसम्म पनि वैदेशिक रोजगारीमा नपठाएको विषयमा सम्बन्धित इजाजतप्राप्त संस्थाको मुख्य कार्यालयमा गुनासो गर्दा शाखा कार्यालय तथा शाखाका कर्मचारीहरुबाट भएका काम कारवाही जिम्मेवारी नलिने भनि गैहजिम्मेवारीपूर्ण जवाफ दिईएको भनि गुनासोहरु समेत विभागमा प्राप्त भएका छन्।

यस्तो अवस्था कायम रहेमा वैदेशिक रोजगारका लागि आवेदन दिने श्रमिक तथा सेवाग्राहीको इजाजतपत्र प्राप्त संस्थाप्रतिको विश्वास घट्ने तथा वैदेशिक रोजगार प्रक्रियाको पारदर्शिता र जवाफदेहितामा प्रतिकूल असर पर्न सक्ने देखिन्छ। तसर्थ, सेवाग्राहीलाई आवश्यक सूचना नदिने, गलत वा अपूर्ण सूचना दिने, आवेदनको अवस्थाबारे जानकारी नदिने, अनावश्यक रूपमा दुःख वा हैरानी दिने कार्य नगर्न नगराउनुहुन सूचित गरिन्छ। शाखा कार्यालयहरुबाट प्रदान गर्नुपर्ने सेवाबाट पन्छिने वा सहजीकरण नगर्ने कार्य भएमा वा वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई झुठो आश्वासन दिएमा सोको जिम्मेवारी सम्बन्धित इजाजतपत्रवालाले लिनु पर्नेछ। साथै शाखा कार्यालयहरुले वैदेशिक रोजगारीमा जान खोजेका व्यक्तिले माग गरेको सूचना समयमै उपलब्ध गराउने व्यवस्था हुन समेत सूचित गरिन्छ। उपरोक्त बमोजिम सेवाग्राहीलाई सहजीकरण नभएमा शाखा कार्यालयको अनुमति रद्द गर्ने लगायत वैदेशिक रोजगार ऐन २०६४, वैदेशिक रोजगार नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम कारबाही गरिने व्यहोरा समेत सूचित गरिन्छ।

(सुरेश श्रेष्ठ)

शाखा अधिकृत

Contact: Website: www.dofe.gov.np, Email : info@dofe.gov.np, ☎ 01-4792616, 01-4792671, Fax: 01-4792606